# स्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४

स्वीकृत मिति: २०७४/५/२०

**१ भूमिका**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका सहरी बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेको सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा कार्यालयको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाले मिति २०७४/५/२० मा स्वीकृत गरी यो कार्यविधि कार्यान्वयमा ल्याएको छ।

**२ उद्देश्य**

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन।

१ टोल बस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने।

२ टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना,विकास र प्रवर्द्धन गर्ने

३ टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने।

४ आर्थिक,सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने।

५ टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने।

६ बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने।

७ टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाईको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा,अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने।

८ टोलको सदस्यहरुमा गरिबीलाई निश्चित आधरमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने।

९ टोलको समग्र विकासको लागि कार्यक्रमहरु तय गर्ने।

१० वातवरणमैत्री तथा बालमैत्री गाउँ घोषणा गर्न आवश्यक सहयोग गर्ने।

**३ गठन**

टोल विकास संस्थाको गठन देहाय वमोजिम हुनेछ।

१ क्षेत्र क्षेत्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिने छ।

२ पहिलो पटकका लागि टोल विकास संस्थाको ब्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थीत गर्न अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष र सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको

एक टोल विकास समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधरण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधी २ बर्षको हुनेछ । एकपटक अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई बर्षको अवधी व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष,सचिव वा कोषाध्यक्ष मध्ये कुनै एकजना अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

३ टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४ टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न **अनुसूची-१** मा उल्लेखित नमूना विधानका आधरमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

५ समन्वय र मेलमिलाप कायम गराउदै सामाजिक एक्यवद्धता कायम गर्ने ।

**४ दर्ता/सूचिकृत**

टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछ ।

१ टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना **अनुसूची-२** मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित **अनुसूची-३** बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

२ टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

**५ टोल विकास संस्थाको काम**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

१ टोलमा धनी,गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने ।

२ विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग सुमधुर सम्वन्ध स्थापित गरी टोल विकासको लागि सहजीकरण गर्ने ।

३ टोलमा उद्यम विकाससंग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

४ टोलमा सडक ढल लगायतका पूर्वाधारमा गाउँपालिकाको सहमतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिने ।

५ टोलको विकासको लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने ।

६ टोलको सामुहिक समस्या पहिचान गरि प्राथामिकताको आधरमा टोल विकास योजना तर्जुमा गर्ने ।

७ एच.आई.भि. /एड्स,अन्धविश्वास,छाउपडी प्रथा,वालविवाह,वहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

Scanned with CamScanner

८ टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने ।

९ सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताकों आधरमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

१० टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११ टोलमा बिभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातवरण सिर्जना गर्ने ।

१२ आफ्नो वडा तथा टोललाई वातवरण मैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१३ टोलमा भवन निर्माण मापदण्ड,सामिजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका विषयमा चेतनमुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४ टोलमा रहेका सार्वजनिक,पर्ति,एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१५ गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

१६ संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने,लेखा राख्ने र लेखापरिक्षण गराउने,

१७ गाउँपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

## ६ ६. टोल विकास संस्थाको कार्य समितिको बैठक

टोल विकास संस्थाको कार्य समितिको बैठक व्यबस्थापन देहाय बमोजिम हुनेछ ।

१. टोल विकास संस्थाका सदस्यहरुको हित ,सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटक नघटने गरी बस्नेछ ।

२. समितिको बैठकमा सामाजिक परिचालक,अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष,वडा सदस्य लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

## ७ टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम,कर्तब्य र अधिकार

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

**(क) अध्यक्षको काम,कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने,बैठकका लागि मिति,समय र स्थान तोक्ने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका बिषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सबैको बिचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७. संस्थाले आयआर्जन/प्राप्त गरेको नगद वा जिन्सी समानको सुरक्षाको प्रबन्ध मिलाउने ।

माया

Scanned with CamScanner

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

१०. अध्यक्षको अनुपस्थितमा उपाध्यक्ष कार्यवाहक अध्यक्ष भई काम गर्ने

**(ख) संस्थाको सचिवको काम कर्तव्य र अधिकार**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२. एकतिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३. छलफलका प्रवस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

४. संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

५. तोकिएका अन्य कार्य गर्ने ।

**(ग) संस्थाको कोषाध्यक्षको काम,कर्तव्य र अधिकार**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२. खर्चको लेखापरिक्षण गराउने ।

३. बैकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी समानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) संस्थाका सदस्यहरुको काम,कर्तव्य र अधिकार**

१. गाउँपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाब किताब जाँच गर्ने ।

३. संस्थाको पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।

४. आवश्यकता अनुसार संस्था संचालनका लागि निति,नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

५. आवश्यकता अनुसार अध्यक्ष,सचिव,कोषाध्यक्षहरुलाई सघाउने ।

६. तोकिएका अन्य कार्यहरु गर्ने ।

**८ आर्थिक व्यवस्थापन**

संस्थाका आम्दानी,खर्च,नाफा,लेखा,लेखापरिक्षण लगायत आर्थिक ब्यबस्थापन देहाय बमोजिम हुनेछ ।

**(क) टोल विकास संस्थाको आम्दानी**

१. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु,विभिन्न सामुदायिक संस्थाहरु तथा ब्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

२. टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

माया

३. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।

४. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**(ख) खर्च**

१. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयनासार खर्च हुनेछ ।

२. संस्था ब्यबस्थापन,संचालन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम हुनेछ ।

**(ग) नाफा**

१. टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

२. नाफा संस्थाको निर्णयअनुसार टोल विकासका लागि खर्च गरिनेछ ।

**(घ) लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

अ) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी ,सम्पूर्ण विकास खर्चको विवरण,संस्थाको संचालन र व्यावस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नु पर्दछ ।

आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्दछ ।

**ङ) लेखापरिक्षण**

संस्थाको लेखापरिक्षण देहाय बमोजिम हुनेछ ।

१) संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

२) आवश्यता अनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्ने गर्नेछ ।

३) संस्थाले आफ्नो बार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

**९ विविध**

क) यो कार्यविधि प्रचलित नेपालको ऐन,नियमहरुसंग बाझिएका बुँदाहरु स्वत खारेज हुनेछन ।

ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँकार्यपालिकाको निर्णय अनुसार फुकाईनेछ ।

Scanned with CamScanner

अनुसुची -१

..................................................................टोल विकास संस्थाको विधान

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम,सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँ सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पु-याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातवरण सिर्जना गर्न यो.......................................................................................................................
........टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाईएको हो ।

१. प्रारम्भिक :

संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान......................................................................................टोल विकास संस्थाको विधान हुनेछ ।

ख) यो संस्थाको नाम .......................................................................हुनेछ ।

ग) यो विधान......................................................................टोल विकास संस्थाको साधरण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

घ) यस संस्थाको कार्यालय...........................................................................................मा हुनेछ ।

ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ ।

पुर्व.................................................पश्चिम.................................................................

उत्तर................................................ दक्षिण..........................................................................

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१.संस्था भन्नाले ...............................................................टोल विकास संस्थालाई संझनु पर्छ ।

२.विधान भन्नाले टोल विकास संस्थाको विधानलाई संझनु पर्छ ।

३. साधरण सभा भन्नाले संस्थाको साधरण सदस्यहरुको भेला संझनु पर्छ ।

४. समिति भन्नाले टोल विकास संस्थाको विधानलाई संझनु पर्छ ।

५. बैठक भन्नाले संस्थाको संयुक्त वा छुट्टा छुट्टै बैठक संझनु पर्छ ।

६. पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष,कोषाध्यक्ष,सचिव र सदस्यहरुलाई जनाउँछ ।

माया

Scanned with CamScanner

**३. संगठित संस्था हुने :**

क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) संस्थाले चल-अचल सम्पत्ति पाप्त गर्न ,उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरु :**

संस्थाको संस्थागत ,सामाजिक तथा आर्थिक विकासका लागि देहाय वमोजिको उद्देश्य हुनेछ ।

क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पु-याउने ।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्‍याउने ।

घ) संस्थालाई सहभागिमात्मक योजना तर्जुमा,अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

**५.टोल विकास कार्य समितिको गठन**

टोल विकास कार्य समितिको गठन देहाय वमोजिम हुनेछ ।

क) गाउँपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्र भित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष,सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधरण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ बर्षको हुनेछ । एकपटक अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुन : सोही पदमा लगतै दुई बर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका संम्पुर्ण घरधुरीलाई समेट्नु पर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

**६. संस्थाका कार्यहरु :**

टोल विकास कार्यहरु देहाय वमोजिम हुनेछन् ।

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने।

२. संस्थाका सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिम कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आईपरेका समस्याहरु समाधान गर्न एक आर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. एच.आई.भी./एड्स,अशिक्षा,अन्धविश्वास ,छाउपडी प्रथा ,वाल विवाह ,बहु विवाह,जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षरोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातवरणमैत्री तथा वालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने।

८. टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड,सामाजिक सुरक्षा भत्ता लगाएतका समाजिक सराकारका बिषयहरुमा विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

९. वातवरणमैत्री स्थानीय शासक सुचककोहरुको टोलमा कार्यान्वयन गर्ने रा गाउँपालिकालाई सो सुचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. हरित गाउँ शहर ,उज्यालो शहर,सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

११. आफ्नो टोल बस्तीलाई नमूना बस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर,पूर्ण खोप,पूर्ण घटना दर्ता आदी अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजनिक,पर्ति,एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिका समितिलाई सहयोग गर्ने ।

१५. संस्थाको अध्यक्ष ,कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१६. गाउँपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१७. गाउँपालिकासंग भएको समझदारी अनुसार अन्य कार्यहरु ।

**७. सदस्यता**

संस्थाका सदस्यता देहाय वमोजिम हुनेछ ।

Scanned with CamScanner

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधान स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

ख) सदस्य बन्न ईच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८.सदस्यता नरहने**

देहायका अबस्थामा सदस्य रहने छैन ।

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधरण सभामा पेश गर्ने र साधरण सभाको अन्तिम निर्णय हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन ,आर्थिक अनिमियता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

तर संवन्धित सदस्यहरुलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्वन्धि अन्तिम निर्णय गर्ने अधिकार साधरण सभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधी**

संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ ।

क) निश्चित भौगोलिक क्षेत्रका ब्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) टोल विकास संस्था गठन गर्ने उपस्थित भएका ब्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष,कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन् ।

ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष ,कोषाधक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार**

संस्थाका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

**क) अध्यक्षको काम कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने ।

मिता ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका बिषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुदा सबैको विचारं संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

६. सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुरयाउने ।

७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी समानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८. आबश्यक कार्यमा  संस्थाको प्रतिनिधीहरु गर्ने वा गराउने ।

९. बिशेष बैठकको अवश्यता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

१०. अध्यक्षको अनुपस्थितमा उपाध्यक्ष कार्यवाहक अध्यक्ष भई काम गर्ने

**ख)संस्थाको सचिवको काम कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२. अध्यक्षको अनुपस्थितिमा बैठकाको अध्यक्षता गर्ने ।

३ एकतिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा  विशेष बैठक बोलाउने ।

४. बैठक पुस्तिकामा उपस्थित गराउने ।

५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।

६. संस्थाका क्रियाकेलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

७. तोकिएको अन्य कार्यहरु गर्ने ।

**ग) संस्थाको कोषाध्यक्षको काम ,कर्तव्य र अधिकार :**

१. संस्थाले गरेको आर्थिक कारोबारको लेखापरिक्षण गराउने ।

२. बैकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।

३. अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।

४. संस्थाको नगद र जिन्सी समानको जिम्मा लिई सुरक्षा गर्ने ।

**घ) संस्थाको सदस्यहरुको काम कर्तव्य र अधिकार :**

१. गाउँपालिका संग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२.संस्थाको हिसाब किताब चेक गर्ने ।

३. संस्थाको पदाधिकारीहरुले गरेको कामको मूल्याड्कन नियमित रुपमा राख्ने

Scanned with CamScanner

४. संस्था संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने ।

५. बैठककमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधरण सभाको गठन र कार्य प्रणाली**

साधरण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ ।

१. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधरण सभा हुनेछ ।

२. साधरण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३. साधरण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधरण सभाको काम,कर्तव्य र अधिकार**

साधरण सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) संस्थाको साधरण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका बिषयमा सल्लाह दिने ।

ख) लेखापरीक्षकको नियुक्ति गर्ने ।

ग) संस्थाको लेखापरीक्षकको प्रतिवेद पारित गर्ने ।

घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

च) संस्थाको विधान संशोधन गर्ने ।

छ) आवश्यकता अनुसार सल्लाहको मनोनयन गर्ने ।

ज) संस्थाको बार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

क) संस्थाको देहाय वमोजिम आर्थिक स्रोत हुनेछ ।

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
- अन्य आम्दानी ।

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधरण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

ग) संस्थाको नाममा प्राप्त वा खरिद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

Scanned with CamScanner

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा**

क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्यसमितिलाई अविश्वासको प्रस्ताव**

कार्यसमितिका अध्यक्ष एवं पदाधिकारी उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरुले विशेष साधरण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिईनेछ ।

**१६.विविध**

क) विधान संशोधन गर्नुपर्ने भएमा समितिले स्वीकृत गरेपछि साधरण सभामा पेश गरिनेछ । साधरण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ ।

ख) प्रचलित ऐन,नियमहरुसंग बाझिएकां बुँदाहरु हदसम्म स्वत खारेज हुनेछ ।

Scanned with CamScanner

अनुसुची -२

टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गर्ने
निवेदनको नमुना

मिति :

श्रीमान अध्यक्ष ज्यू
गाउँकार्यपालिको कार्यालय

बिषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्धारा संचालित वडा नं..........को............................टोलमा गठन गरिएको ........................................टोल विकास संस्थालाई ....................................गाउँपालिकामा दर्ता /सूचिकृत गरिदिन हुन अनुरोध गर्दछु । यस ......................टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ता भित्र सीमित रहनेछ ।

पूर्व सिमाना :....................................................

पश्चिम सिमाना :................................................

उत्तर सिमाना :...................................................

दक्षिण सिमाना :.................................................

निवेदक

.............................

अध्यक्षको नाम :

टोल विकास संस्थाको नाम :

ठेगाना :

Scanned with CamScanner

अनुसुची-३

म्याग्दे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँ

४ नं. प्रदेश नेपाल

## प्रमाण-पत्र

..........................................................................................गाउँपालिका वडा नं...............स्थित....................................मा गठन भएको .............................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति ............................................मा दर्ता गरी यस गाउँपालिकाको आर्थिक,सामाजिक,भौतिक पूर्वाधार,शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

....................................................

अध्यक्ष

Scanned with CamScanner